अनुसूची – १

## लगानी सम्बन्धी सूचना

यस बैंकको उपदान तथा पेन्सन कोषमा रहेको रकम लगानी गर्नु परेकोले यस बैंकबाट इजाजतपत्र प्राप्त देहाय बमोजिमका शर्तहरु पूरा गरेका देहायका बैंक तथा वित्तीय संस्थाबाट देहाय बमोजिमको सीमाभित्र रही आफूले लिन चाहेको रकम तथा उक्त रकम लिनका लागि प्रस्ताव गरिएको ब्याजदर समेत यस बैंकले तोकेको फारम (अनुसूची- २) भरी उक्त फारमलाई pdf format मा Scan गरी password protected गरेर कुल लगानी योग्य रकम मध्ये मिति २०८२/०४/०४ देखि मिति २०८३/०४/०४ सम्म ३६६ दिनको मुद्दती निक्षेपको रुपमा लिन चाहेको रकम खुलाई २०८२/०३/२९ गते १९:०० बजे भित्र fmdbid@nrb.org.np मा प्राप्त हुने गरी ब्याजदर प्रस्ताव गर्न आह्वान गरिएको छ । साथै उक्त Password Protected File को Password मिति २०८२/०३/३० गते विहान १०:०० बजे देखि दिउसो १:३० बजे भित्र fmdbid@nrb.org.np मा जानकारी गराउन समेत अनुरोध छ ।

**कूल लगानी योग्य रकम रु. ६०,००,००,०००।०० (अक्षरेपि साठी करोड मात्र) रहेको छ ।**

| **बैंक तथा वित्तीय संस्था** | **रकम रु.** |
|---|---|
| "क" वर्गका वाणिज्य बैंकमा | ४८०,०००,०००।०० |
| "ख" वर्गका राष्ट्रिय स्तरका विकास बैंकमा | ९०,०००,०००।०० |
| "ग" वर्गका राष्ट्रिय स्तरका वित्त कम्पनीमा | ३०,०००,०००।०० |
| लगानी योग्य कुल रकम | **६००,०००,०००।००** |

क) बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा दुई वर्ष पूरा भएको ।

ख) बैंकबाट तोकिएको न्यूनतम कुल पुँजीकोष (Buffer सहित) कायम रहेको ।

ग) निष्कृय कर्जा (NPL) कुल कर्जा सापटीको ८ प्रतिशत र खूद निष्कृय कर्जा (Net NPL) अनुपात ३ प्रतिशत ननाघेको ।

(घ) बैंकले समय समयमा निर्धारण गरे बमोजिमको खूद तरल सम्पत्ति अनुपात कायम गरेको ।

(ङ) कर्जा निक्षेप अनुपात बैंकले समय समयमा निर्धारण गरेको सीमा भित्र रहेको ।

(च) निकटतम अघिल्लो आर्थिक वर्षको नाफा नोक्सान हिसाव अनुसार खुद मुनाफामा रहेको ।

छ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए, फुकुवा भएको कम्तीमा ६ महिना पूरा भएको ।

ज) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ ख बमोजिमको कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएमा सो फुकुवा भएको ६ महिना अवधि पूरा भएको ।

झ) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरिसकेको ।

ञ) प्रस्ताव गरेको ब्याजदर माथि उल्लिखित लगानी गरिने मितिसम्म मान्य हुनेछ । त्यस बैंक/विकास बैंक/वित्तीय संस्थाको ब्याजदर परिवर्तन सम्बन्धी सार्वजनिक सूचनाले प्रस्तावित ब्याजदरलाई कुनै असर पारेको मानिने छैन ।

ट) प्रस्ताव पेश गर्दा email को subject मा **"NRB Pension Fund File_Bankcode"** भनी उल्लेख गर्नु पर्नेछ । साथै Password पठाउँदा email को subject मा **"NRB Pension Fund Password_Bankcode"** भनी उल्लेख गर्नु पर्नेछ ।

ठ) प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा Password Protected File हुनु पर्नेछ । Password नराखेको प्रस्तावलाई मान्यता दिइने छैन ।

ड) रकम र ब्याजदर फरक पर्ने गरी प्रस्तावकले एक पटक भन्दा बढी प्रस्ताव गरेमा उक्त बैंक तथा वित्तीय संस्थाले पेश गरेको सबै प्रस्तावहरु रद्द गरिने छ । तर एउटै प्रस्ताव एक पटक भन्दा बढी प्राप्त भएमा उक्त प्रस्तावलाई मान्यता दिइने छ ।

ढ) तोकिएको मिति र समय भित्र Password Protected File पेश गर्नु पर्नेछ । तोकिएको मिति र समय पश्चात् प्राप्त हुने प्रस्तावलाई मान्यता दिइने छैन ।

ण) तोकिएको मिति र समय भित्र उक्त File को Password पेश गर्नु पर्नेछ । तोकिएको मिति र समय अगाडि वा पछाडि पेश गरेको Password लाई मान्यता दिइने छैन र उक्त प्रस्तावलाई रद्द गरिने छ ।

त) रीत नपुऱ्याई वा निर्धारित समय पश्चात् प्राप्त हुन आएका ब्याजदर प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

थ) ब्याजदर प्रस्ताव गर्दा एक भन्दा बढी दर (बहुदर) उल्लेख गर्न पाइने छैन ।

द) तोकिएको मापदण्ड पूरा गरेका बैंक तथा वित्तीय संस्थाहरु मध्ये सबै भन्दा बढी ब्याजदर कबोल गर्ने संस्थामा प्रस्तावित रकम लगानी गरिनेछ । तर, समान उच्च ब्याजदर प्रस्ताव गर्ने संस्थाको संख्या दुई वा दुई भन्दा बढी भएको अवस्थामा कोषको लगानी नीतिमा तोके बमोजिमको प्रकृया पूरागरी लगानी गरिने संस्था छनौट गरिनेछ ।

ध) लगानीका लागि छनौट गरिएको संस्थाले प्रस्तावित रकम मुद्दती निक्षेपको रुपमा लिन अस्वीकार गरेमा त्यस्तो संस्थालाई दुई वर्षसम्म कोषको रकम लगानी गर्ने प्रकृयाबाट हटाइनेछ ।

न) मुद्दती निक्षेपमा त्रैमासिक रुपमा ब्याज उपलब्ध गराउनु पर्नेछ । कोषको रकम लगानी गरी आर्जन हुने त्रैमासिक ब्याज वापतको रकम त्रयमास सकिएको भोलीपल्ट (कात्तिक, माघ, बैशाख र साउन महिनाको १ गतेका दिन वा उक्त दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) तथा लगानी परिपक्व भएमा लगानी गरिएको साँवा र बाँकी अवधीको ब्याज रकम नेपाल राष्ट्र बैंक, बैंकिङ विभागमा रहेको त्यस बैंकको वित्तीय संस्थाको खाता स्वतः खर्च गरी असूल गरिनेछ । उक्त समयमा खातामा आवश्यक मौज्दात कायम रहेको हुनु पर्नेछ । यदि, खातामा पर्याप्त मौज्दात नरहेको कारणले साँवा, ब्याज असूल हुन नसकेमा भुक्तानी म्याद नाघेको मितिदेखि भुक्तानी प्राप्त भएको मितिसम्मको अवधिको मुद्दती निक्षेपमा उल्लिखित ब्याजदरले हुन आउने ब्याज रकम र सोही रकम बराबरको पेनाल ब्याज रकम समेत बैंक/वित्तीय संस्थाले ब्यहोर्नु पर्नेछ ।

प) कोषको रकम लगानी गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक अवकाश कोष व्यवस्थापन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

फ) बैंक तथा वित्तीय संस्थाले अन्य थप शर्त राखी प्रस्ताव पेश गर्न पाउने छैन । कथंकदाचित थप शर्त राखी प्रस्ताव पेश भएको अवस्थामा त्यस्तो शर्त मान्य हुने छैन ।

मिति : २०८२/०३/२६

नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग
अवकाश कोष इकाई
वालुवाटार, काठमाडौं ।

अनुसूची – २

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग
वालुवाटार, काठमाण्डौ ।

विषय : **उपदान तथा पेन्सन कोष**मा लगानी सम्बन्धी फारम ।

महोदय,

त्यस बैंकको **उपदान तथा पेन्सन कोष**मा रहेको रकम बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने सम्बन्धमा तँहाबाट मिति २०८२/०३/२६ मा आह्वान गरेको सूचनामा उल्लिखित सबै शर्तहरु यस बैंक/ विकास बैंक /वित्त कम्पनीले पूरा गरेको घोषणा गर्दै देहायको तालिकामा उल्लेख भए बमोजिमको ब्याजदरमा रकम लिन इच्छुक भएकोले सोही प्रयोजनका लागि यो प्रस्ताव पेश गरका छौं ।

| क्र.सं. | प्रस्तावित ब्याजदर | अवधि | लिन चाहेको रकम (रु.लाखमा) | |
|---|---|---|---|---|
| | | | न्यूनतम | अधिकतम |
| | | | ५० | |

( अक्षरेपी … … … … … … … … … … … … … … … …)

२०..... साल ....................महिनाको वित्तीय सूचकाङ्क यस प्रकार रहेको छ ।

| क्र.सं. | विवरण | वित्तीय सूचकाङ्क |
|---|---|---|
| १ | न्युनतम कूल पुंजीकोष Buffer सहित % | |
| २ | निष्कृय कर्जा NPL % | |
| ३ | खूद निष्कृय कर्जा Net NPL % | |
| ४ | खुद तरल सम्पत्ति/निक्षेप % | |
| ५ | कर्जा/निक्षेप अनुपात % | |
| ६ | कूल निक्षेप (रु.) | |
| ७ | निकटतम अघिल्लो आर्थिक वर्षमा खूद मुनाफामा रहे/नरहेको । | |
| ८ | चुक्ता पुंजी (रु.) | |
| ९ | नेपाल राष्ट्र बैंकको बैंकिङ्ग विभागमा रहेको खाता नं. | |

संस्थाको आधिकारिक पदाधिकारीको ,

दस्तखत :
नाम :
पद :
संस्थाको नाम :
संस्थाको छाप :

संस्थाको ठेगाना :
इमेल :
फोन नं :
मिति :

नोटः

१) सम्पर्क आधिकारिक व्यक्तिको दस्तखत, नाम थर, पद, सम्पर्क नंबर अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

२) खूद निष्कृय कर्जा अनुपात (Net NPL) = (NPL-Specific Loan Provision)/Total Loan.